**आकाशवाणी समाचार- नेपाली**

मितिः २६ अप्रेल

समयः ०६:२५ - ०६:३० बजे (*अवधिः ०५ मिनट*)

**<u>प्रमुख समाचार</u>**

**<u>प्रधानमंत्री - मन की बात</u>**

प्रधानमंत्री नरेन्द्र मोदीले आज बिहान 11 बजी आकाशवाणीको 'मन की बात' कार्यक्रममा देश-विदेशका मानिसहरूसित आफ्नो विचार साझा गर्नुहुनेछ।यो मासिक रेडियो कार्यक्रमको 133 औं शृंखला हो। कार्यक्रमको प्रसारण आकाशवाणी र दूरदर्शनका सम्पूर्ण नेटवर्कहरूमा गरिनेछ।यसको सीधा प्रसारण एआईआर न्यूज़, डीडी न्यूज़, प्रधानमंत्री कार्यालय र सूचना तथा प्रसारण मंत्रालयको यूट्यूब चैनलहरूमा पनि गरिनेछ।आकाशवाणी द्वारा क्षेत्रीय भाषाहरूमा पनि यसको प्रसारण गरिनेछ।

**<u>पश्चिम बंगाल चुनाव - निरीक्षण</u>**

पश्चिम बंगालमा दोस्रो चरणको मतदान भन्दा अघि, राज्यका मुख्य चुनाव अधिकारी मनोज कुमार अग्रवाल, विशेष पर्यवेक्षक सुब्रता गुप्ता अनि विशेष पुलिस पर्यवेक्षक एन.के. मिश्रा आरामबाग, बोंगाँव, बैरकपुर अनि संदेशखाली मा औचक निरीक्षण गरि रहेका छन् | निर्वाचन आयोगका सूत्रहरु अनुसार यो कदम आगामी चरण मा शांतिपूर्ण मतदान सुनिश्चित गर्नका लागि उठाइएको हो | मुख्य चुनाव अधिकारी आरामबाग पुग्नु भइसकेको छ ,जहाँ उहाँले जिला मजिस्ट्रेट, पुलिस अधीक्षक अनि सबै स्थानीय पुलिस थानाका प्रभारीहरु सित भेट गर्नु हुनेछ | यस अवधि कानून व्यवस्थाको स्थितिको समीक्षा गरिनेछ अनि बूथ स्तर सुरक्षालाई दहरिलो गर्ने निर्देश जारी गरिनेछ |अशांतिको आशंका रहेका क्षेत्रका चिह्नित बूथहरुमा केंद्रीय बललाई तैनाती गरिनेछ अनि विशेष निगरानी राखिनेछ |

**<u>पश्चिम बंगाल-प्रचार</u>**

पश्चिम बंगाल विधानसभाको दोस्रो चरणको प्रचार तिब्र बनेको छ अनि विभिन्न राजनीतिक दलका स्टार प्रचारकहरुले रैलि, रोड-शो अनि जनसभाहरुको माध्यम द्वारा मतदाताहरुलाई आफ्नो पक्षमा लोभ्याउने प्रयास गरिरहेका छन् |

***भारतीय जनता पार्टीका वरिष्ठ नेता अनि प्रधानमंत्री नरेन्द्र मोदीले आज पार्टी उम्मीदवारहरुको पक्षमा बिभिन्न रैलिहरुलाई सम्बोधित गर्नुहुनेछ । भाजपाका वरिष्ठ नेता अनि गृह मंत्री अमित शाहले हिज पूर्व वर्धमानमा जमालपुरमा भन्नुभयो कि सत्तामा आए पछि भारतीय जनता पार्टीले राज्यमा समान नागरिक संहिता अनि सातऔ वेतन आयोग लागू गर्नेछ अनि महिलाहरुलाई सरकारी बसमा निसुल्क यात्राको सुविधा दिईने छ । त्येसपछि उहाले हावड़ाको श्यामपुरमा एक रैलीलाई सम्बोधित गर्नुभयो अनि रामराजतल्ला तथा टॉलीगंजमा रोड-शो मा भाग लिनुभयो । भाजपाका वरिष्ठ नेता राजनाथ सिंहले पनि हुगलीमा गोघाट अनि आरामबागमा रैलीलाई सम्बोधित गर्नुभयो । उहाले भन्नुभयो कि राज्यमा भाजपाको सरकार बनेको खण्डमा महिलाहरुलाई तीन हजार रुपियाँ प्रति महिना वित्तीय सहायता दिईने छ । उहाले सरकारमा रिक्त पदहरु भरने पनि बाचा गर्नुभयो ।भाजपाका नेता जे.पी. नड्डाले रायनामा प्रचार गर्नुभयो । पार्टीका नेता योगी आदित्यनाथले पनि उत्तर-24 परगनामा बागदामा रैलीलाई सम्बोधित गर्नुभयो । असमका मुख्यमंत्री हेमंता बिस्वा सरमाले पनि आरामबागमा रोड-शो मा भाग लिनुभयो । भाजपा अध्यक्ष नितिन नवीन पनि बारानगरमा एक रोड-शो मा सामेल हुनुभयो ।दोस्रो तर्फ तृणमूल कांग्रेस अध्यक्ष ममता बनर्जीले उत्तरपाडामा सभालाई सम्बोधित गर्नुभयो । उहाले भन्नुभयो कि सर्वोच्च न्यायालयमा उहाले मतदाताहरुको लागि संघर्ष गर्नुभयो अनि अनि मतदाता सूचीबाट हटाईएका 32 लाख मानिसहरुको नाम जोड्ने कार्य गर्नुभयो । उहाले पछि भवानीपुरमा पदयात्रा अनि बिरातीमा रोड-शो मा भाग लिनुभयो । पार्टीका नेता अभिषेक बनर्जीले बशीरहाटमा केन्द्रले राज्यको विकासको लागि दिईने राशि रोकेर राखेको आरोप लगाउनुभयो । यसै बीच, लोकसभामा विपक्षका नेता राहुल गांधीली सेरामपुर, मेतियाबुर्ज***

*अनि शाहिदमिनारमा बैठकहरुलाई सम्बोधित गर्नुभयो अनि उहाले प्रधानमंत्री नरेन्द्र मोदी अनि मुख्यमंत्री ममता बनर्जीको आलोचना गर्नुभयो।*

**निर्वाचन आयोग कारबाही**

पश्चिम बंगाल विधानसभा चुनावको क्रममा गम्भीर दुर्व्यवहार र पक्षपात गरेको आरोप लागेका कारण निर्वाचन आयोगले डायमंड हार्बर क्षेत्रका पाँच पुलिस अधिकारीहरूलाई तत्काल निलम्बित गरेको छ। आयोगले उनीहरू विरुद्ध उपलब्ध प्रमाणको आधारमा अनुशासनात्मक कारबाहीको आदेश पनि दिएको छ।निलम्बित अधिकारीहरूमध्ये पहिलो डायमंड हार्बरका अतिरिक्त पुलिस अधीक्षक (एएसपी) सन्दीप गराई हुन्। उनको विरुद्धमा प्रमाणहरू समावेश भएको प्रतिवेदन गृह मन्त्रालयमा रहेको उनको क्याडर नियन्त्रण गर्ने अधिकारीलाई पठाउन सकिन्छ। यसबाहेक, उप-विभागीय पुलिस अधिकारी सजल मण्डल, डायमंड हार्बर पुलिस स्टेशनका इन्चार्ज मौसम चक्रवर्ती, फाल्टा पुलिस स्टेशनका इन्चार्ज अजय बाग र उस्थी पुलिस स्टेशनका इन्चार्ज शुभेच्छ बागलाई पनि निलम्बन गरिएको छ र अनुशासनात्मक कारबाही सुरु गरिएको छ। यसबाहेक, डायमंड हार्बरका पुलिस अधीक्षक डा. इशानी पाललाई चुनाव जस्ता संवेदनशील मामिलाहरूमा उनका मातहतका अधिकारीहरूले अनुशासन र निष्पक्षता सुनिश्चित गर्न असफल भएकोमा चेतावनी दिइएको छ। चुनावको पहिलो चरणमा पश्चिम बंगालका २९४ निर्वाचन क्षेत्रहरूमध्ये १५२ मा ९२.८८% मतदाता मतदान भएको थियो। मतदान प्रक्रियाको क्रममा केही स्थानहरूमा छिटपुट झडपहरू रिपोर्ट गरिएका छन्। राज्यका दुई स्थानमा भाजपा उम्मेदवारहरूमाथि आक्रमण गरिएको छ, जसमध्ये एक जनालाई लखेटिएको र कुटपिट गरिएको छ, तर उनका अंगरक्षकले उनलाई बचाएका छन्। यसैबीच, मुख्य निर्वाचन आयुक्त ज्ञानेश कुमारले पहिलो चरणमा मतदान भएको पश्चिम बंगालका ४४,३७६ मतदान केन्द्रहरूमध्ये कुनै पनिमा पुन: मतदान गर्न सिफारिस नगरिएको बताउनुभएको छ।

**पश्चिम बंगाल-रिकॉर्ड मतदान**

पश्चिम बंगाल विधानसभा चुनावको पहिलो चरणको मतदान प्रतिशतमा अझ वृद्धि भएको छ। समीक्षापछि, राज्यमा कुल मतदान 93 दशमलव एक-नौ प्रतिशत रहेको छ।निर्वाचन आयोगले यसलाई स्वतन्त्रता पश्चात राज्यमा सर्वाधिक मतदान बताइएको छ।कूच बिहारमा सबैभन्दा अधिक 96 दशमलव दुई प्रतिशत र कालिपोङ्ग सबैभन्दा कम 83 दशमलव शून्य-चार प्रतिशत मतदान भएको छ।यस चरणमा 36 लाख 77 हजार 304 पात्र मतदाताहरू मध्येमा 33 लाख 62 हजार 168 मतदाताहरूले आफ्नो मताधिकारको उपयोग गरे।

**पहाड़ - स्ट्रङ रूम**

पहिलो चरणको मतदानपछि दार्जीलिङ, खरसाङ अनि कालेबुङ विधानसभा क्षेत्रको मत संग्रह गरिएको ईभिएम विभिन्न स्ट्रङ रूममा कठोर सुरक्षाको साथ राखिएको छ।पहाड़को तीनवटा विधानसभा क्षेत्रमा पनि विभिन्न पार्टीका उम्मेद्वारहरूसँगै जनसाधागणले आ-आफ्नो मत खसालेका थिए भने मतदानपछि यी तीनैवटा विधानसभा क्षेत्रबाट ईभिएम- मा संग्रह गरिएको मतलाई कठोर सुरक्षा व्यवस्थाबीच स्ट्रङ रूममा राखिएको छ। जसमा दार्जीलिङ विधानसभा क्षेत्रका लागि दार्जीलिङ सरकारी महाविद्यालय, कालेबुङका लागि एस.यु.एम. आई अनि खरसाङका लागि सन्त अल्फन्स स्कूलमा स्ट्रङ रूम निर्माण गरिएको छ। अब आगामी 4 मईको दिन मतगणना सम्पन्न हुनेछ। स्मरण रहोस् , यसपालीको विधानसभाको चुनावमा दार्जीलिङबाट 6 जना, कालेबुङबाट 7 जना अनि खरसाङबाट 7 जना विभिन्न राजनीतिक दल अनि स्वतन्त्र उम्मेद्वारहरू चुनावी मैदानमा उत्रिएका थिए|

**मिरिक-अगमसिहं गिरी समाज**

मिरिक नगरपालिका वार्ड नम्बर तीनमा रहेको समाजिक संस्था अगमसिहं गिरी ग्राम सुधार समाजले तीसौं स्थपना दिवस विविध कार्यक्रमको साथमा पालन गर्यो। समाजका अध्यक्ष श्रीमती मीरा प्रधानको अध्यक्षता अनि सदस्य निङमा लेप्चाको संचालनमा सुचारु कार्यक्रममा समाजको झण्डा उत्तोलन र दीप प्रज्जवलनपछि समाजका दिवङ्गत सदस्य, पदाधिकारीहरूलाई स्मरण गर्दै दुई मिनट मौनधारण पालन गरिएको थियो। समाजका सचिव श्रीमती इशा खडकाले स्वागत मनतब्य राखेपछि समाजका महिला सदस्यहरूले सामूहिक स्वागत गीत अनि सुरभि चाहर अनि साथीले स्वागत नृत्य प्रस्तुत गरे।